# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 24.04.2025**

---

***प्रमुख समाचार-***

- ***पहलगाम आतंकवादी हमला सम्वन्धमा आज नयां दिल्लीमा सर्वदलीय बैठक सम्पन्न***
- ***गृहमन्त्री अमितशाहले आज दिउँसो राष्ट्रपतिसित भेट गर्नुभयो ।***
- ***भारतद्वारा पाकिस्तानी नागरिकहरूका लागि भिजा सेवा तत्काल प्रभावद्वारा निलमित गर्ने निर्णय ।***
- ***प्रधानमन्त्रीको भनाइमा भारतले सबै आतंकवादीहरूको पत्तो लगाएर उनीहरूलाई सजाय दिने अनि ।***
- ***सर्वोच्च न्यायालयले 2002 सालको गोधरा ट्रेन अग्निकाण्ड मामिलावारे अन्तिम सुनवाई छ र सात मईमा गर्ने ।***

---

***All Party Meeting***

पहलगाम आतंकी हमला सम्वन्धमा सरकारको तर्फबाट बोलाइएको बैठक अहिले नयाँ दिल्लीको संसद भवन परिसरमा आयोजित भइरहेछ ।

रक्षा मन्त्री राजनाथ सिंहले अध्यक्षता गर्नुभएको बेठकमा गृह मन्त्री अमित शाह विदेशी मामिला मन्त्री डा. एस जयशङ्कर वित्त मन्त्री निर्मला सीतारामन, भारतीय जनता पार्टीका अध्यक्ष जे पी नड्डा, वरिष्ठ काँग्रेस नेताहरू राहुल गान्धी र मलिकार्जुन खरगे संसदीय मामिला मन्त्री श्री किरेन रिजिजू र अन्य पार्टीका नेताहरू उपस्थित हुनुहुन्छ ।

---

***President Amit Shah***

गृहमन्त्री अमित शाह र विदेश मन्त्री डा. एस जयशङ्करले आज दिउँसो राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गर्नुभयो ।

पहलगाम आतंकी हमला र यसको जवाबमा भारतको तर्फबाट उठाइएको कठोर पाइलापछि यो बैठक आयोजन गरिएको हो ।

यसैबीच विदेश मन्त्रालयले आज दिल्लीको साउथ ब्लकमा पहलगाम आतंकी हमलाबारे केही देशका राजदूतहरूलाई जानकारी दियो ।

यस बैठकमा जर्मनी, जापान, पोल्याण्ड र रूसका राजदूत सामेल थिए ।

---

***Army Chief***

सेना प्रमुख जेनरव उपेन्द्र द्रिवेदीले पहलगाम आतंकी हमलालाई ध्यानमा राखेर भोलि जम्मू काश्मीरको भ्रमण गर्नुहुनेछ ।

सूत्रले भनेको छ- भ्रमणावधिमा सेना प्रमुखले क्षेत्रमा सुरक्षा स्थितिको समीक्षा गर्नुहुनेछ ।

---

***India Pak Visa***

भारतले पहलगाम आतंकी हमलापछि पाकिस्तान नागरिकहरूका लागि भिजा सेवा तत्काल प्रभावद्वारा निलम्बित गर्ने निर्णय लिएको छ ।

पाकिस्तानी नागरिकहूरलाई जारी सबै वर्तमान बैध भिजा पनि सताइस अप्रेलदेखि रद्द गरिनेछ ।

यसबाहेक पाकिस्तानी नागरिकहरूलाई जारी गरिएका चिकित्सा भिजा पनि उनतीस अप्रेलसम्म मात्र बैध हुनेछन् ।

विदेश मन्त्रालयले भनेको छ भारतमा अहिले भएका सबै पाकिस्तानी नागरिकहरूले भिजाको निर्धारित समयभन्दा अघि देश छोड्नुपर्छ । भारतीय नागरिकहरूलाई पाकिस्तान यात्रा नगर्ने सल्लाह दिइएको छ ।

पाकिस्तानमा हुने भारतीयहरूलाई शीघ्र स्वदेश फर्किनु भनिएको छ।

---

## *Punjab Atari Gato Closed*

पहलगाम आतंकी हमलापछि भारतले अटारी सीमा बन्द गर्ने निर्णय लिएको छ ।

यो निर्णय अन्तर्गत आज रिट्रिट समारोहका बेला पनि अटारी सीमाको भारतीय हिस्साको गेट खोलिनेछैन्।

यसैबीच विश्व प्रसिध्द रिट्रीय समारोहको अवलोकन गर्न अटारी बाघा जाँच चौकीमा आएका सैकड़ौं पर्यटकहरूले आज हमलाबारे दुख प्रकट गरे ।

पर्यटकहरूले यसका लागि जिम्मेवार व्यक्तिहरू विरूध्द कड़ा कारवाई गर्ने मांग गरे ।

---

## *PM Bihar*

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ भारतले प्रत्येक आतंकवादी र उसलाई सहायता गर्नेहरूलाई खोजेर उनीहरूको पत्तो ल्याउनेछ र पहलगाम हमलाका दोषीहरूलाई सजाय दिनेछ ।

उहाँले भन्नुभएको छ आतंकवादलाई छोडिनेछैन र भारतले विश्वका कुनै पनि कुनाबाट अपराधीहरूलाई खोजेर निकाल्नेछ ।

श्री मोदीले राष्ट्रिय पञ्चायती राज दिवसको अवसरमा आज बिहारको मधुबनी जिल्लामा एउटा जनसभालाई सम्बोधन गर्दै भन्नुभयो- आतंकवाद्वारा देशको आत्मा कहिल्यै तोड़िनेछैन् ।

प्रधानमन्त्रीले भन्नुभयो न्याय सुनिश्चित गर्नका लागि सकेसम्म प्रयास गरिनेछ र समग्र देश यस संकल्पमाथि अडिग छ ।

उहाँले जोड़ दिंदै भन्नुभयो- मानवतामा विश्वास राख्ने प्रत्येक ब्यक्ति भारतको साथमा छन् ।

श्री मोदीले भारतप्रति एकजूटका देखाइकोमा विश्व र वैश्विक नेताहरूलाई धन्यवाद दिनुभयो ।

उहाँले भन्नुभयो आतंकवादीहरूले बाइस अप्रेलमा जम्मू कश्मीरको पहलगाममा निर्दोष मानिसहरूको हत्या गरे र यो हमला पर्यटकहरूमाथि मात्र नभएर भारतको आत्ममाथि पनि भएको छ ।

श्री मोदीले भन्नुभयो देशका एक सय चालिस करोड़ मानिसहरूको इच्छाशक्तिसित आतंकवादलाई समाप्त गरिनेछ ।

प्रधानमन्त्रीले आफ्नो सम्बोधन शुरू गर्न अघि पहलगाम आतंकवादी हमलामा ज्यान गुमाउनेहरूप्रति श्रध्दाञ्जली दिनका लागि मौन धारण पनि गर्नुभयो ।
यसअघि श्री मोदीले आज मधुबनीबाट तेह हजार चार सय अस्सी करोड़ रूपियाँभन्दा अधिकका केही बिकास परियोजनाहरूको शुभारम्भ गर्नुभयो र आधारशिला राख्नुभयो ।

यस अवसरमा उहाँले आठ सय सत्तरी करोड़ रूपियाँ खर्चका रेल परियोजनाहरको उद्घाटन गर्नुभयो र चारवटा रेलगाड़ीहरूलाई झण्डी देखाउनुभयो ।

श्री मोदीले राष्ट्रिय पञ्चायती राज दिवसको अवसरमा झंझारपुरको बिदेश्वर स्थानमा पञ्चायतहरूको अभिनव र अनुकरणीय कार्यका लागि केही पञ्चायती राज प्रतिनिधिहरूलाई सम्मानित पनि गर्नुभयो ।

यस उपलक्ष्यमा प्रधानमन्त्रीले बिहार ओडिसा केराला, तेलंगाना र असमका प्रतिनिधिहरूलाई विभिन्न श्रेणीहरूमा रास्ट्रिय पञ्चायत पुरस्कार 2025 प्रदान गर्नुभयो ।

---

## *Supreme Court*

स्वोंच्च न्यायालयले भनेको छ, 2002 सालको गोधरा ट्रेन अग्निकाण्ड मामिलामाथि गुजरात सरकार र केही दोषीहरूको तर्फबाट दर्ता गरिएको याचिकाहरूमाथि अन्तिम सुनवाई छ र सात मईमा गर्नेछ ।

न्यायमूर्ति जे के माहेश्वरी र राजेश बिंदलको पीठले गुजरात सरकार र केही दोषीहरूद्वारा दायर अपीलहरूमाथि सुनवाई गर्नेछ ।

---

## *World Immunization week*

विश्व स्वास्थ्य संगठनको विश्व टीकाकरण सप्ताह 2025 आजदेखि शुरू भएको छ।

सबै देशहरूमा यो अभियान यसै महीना तीस तारीतसम्म चल्नेछ।

विश्व टीकाकरण सप्ताह प्रत्येक वर्ष अप्रेलको अन्तिम सप्ताहमा मनाइन्छ।

यसको उद्देश्य टीकाकरणको जीवन रक्षक क्षमताको प्रवर्ध्दन गर्नु हो।

यस वर्षको विषय छ 'सबैका लागि टीकाकरण मानवीय रूपमा सम्भव होस्'।

यो थीमले सबै उमेर र स्थानका मानिसहरूको जीवन रक्षक टीकासम्मको पहुँच सुनिश्चित गर्नुपर्ने कुरोमाथि बल दिएको छ।

विश्व स्वास्थ्य संगठनले दावी गरे अनुसार पछिल्ला पचास वर्षमा आवश्यक टीकाहरूले कम्तीमा पनि पर्ध्र करोड़ चालिस लाख मानिसहरूको ज्यान बचाएकोछ।

---

## *Nadda Measles Rubela Campaign*

केन्द्रिय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा 2025-2026 का लागि दादुरा- रूबेला उन्मुलन अभियानको शउभारम्भ गर्नुभयो।

यस अवसरमा श्री नड्डाले भन्नुभयो यो वर्ष जनवरीदेखि मार्च महीनासम्म देशका तीन सय बाइस जिल्लाहरूमा दादुरा र चार सय सतासी जिल्लाहरूमा रूबेलाको कुनै मामिला देखिएन्।

उहाँले भन्नुभयो- यो एउटा अभियान मात्र नभएर देशका करोड़ौ नानीहरूको जीनवनलाई असल बनाउने माध्यम हो।

यस अवसरमा श्री नड्डाले राज्यका मन्त्रीहरू र मुख्य चिकित्सा अधिकारीहरूसित सक्रिय जनभागीदारीको माध्यमद्वारा टीकाकरण अभियानबारे जानकारी दिनका लागि सार्वजनिक बैठक तथा सम्वाददाता सम्मेलन आयोजित गर्ने आग्रह गर्नुभयो।

उहाँले राज्यलाई दादुरा र रूबेला बिमारीलाई समाप्त गर्न टीकारणबारे जागरूकता फैलाउने उद्देश्यले सबै विधायकहरू सांसद र स्थानीय तथा पञ्चायत प्रमुखहरूको समावेशी सहभागिताको आहवान गर्नुभएका छ।

---

## *Sikkim Agniveer*

सिक्किमले राज्य पुलिस भर्तीमा अग्निवीरहरूलाई बीस प्रतिशत आरक्षणको घोषणा गरेको छ।

मुखयमन्त्री प्रेमसिंह तामाङले गान्तोकमा आज यस्तो आशयको घोषमा गर्नुभयो र भन्नुभयो राज्य पुलिस बलमा पूर्व सैन्यकर्मीहरूका भर्तीमा आयु सीमामा दस वर्षको छूट दिइनेछ।

श्री तामाङले भन्नुभयो सेवानिवृत सैन्यकर्मीले व्यावसायिक गतिविधिहरूमा सामेल हुन चाहेको खण्डमा राज्य सरकारले उनीहरूका लागि पसल आवंटित गर्नेछ।

---

## *Pope State Mourning*

देशले छब्बीस अप्रेलमा पोप फ्रान्सिसको अन्तिम संस्कारको दिन राजकीय शोक पालन गर्नेछ।

गृह मन्त्रालयले भनेको छ भारतमा जहाँ जहां नियमित रूपले राष्ट्रिय छवजा फहराइन्छ त्यहाँ राष्ट्रिय झण्डा आधा झुकाइनेछ र त्यसदिन कुनै आधिकारिक मनोरञ्जन हुनेछैन।

यसअघि सरकारले पोप फ्रान्सिसको निधनमा तीन दिनको राजकीय शोकको घोषणा गरेको थियो।

---

***Cricket***

आई पी एल क्रिकेटमा अहिले बंगलुरूमा राजस्थान रोयल्स र रोयल च्यालेन्जर्स बंगलुरूबीच भीडन्त भइरहेछ ।

अंकतालिकामा बंगलुरू तेस्रो र राजस्थान आठौं नम्बरमा छ ।

---

***अन्त्यमा प्रमुख समाचार पुन एकपट***

- ***पहलगाम आतंकवादी हमला सम्वन्धमा आज नयां दिल्लीमा सर्वदलीय बैठक सम्पन्न***
- ***गृहमन्त्री अमितशाहले आज दिउँसो राष्ट्रपतिसित भेट गर्नुभयो ।***
- ***भारतद्वारा पाकिस्तानी नागरिकहरूका लागि भिजा सेवा तत्काल प्रभावद्वारा निलमित गर्ने निर्णय ।***
- ***प्रधानमन्त्रीको भनाइमा भारतले सबै आतंकवादीहरूको पत्तो लगाएर उनीहरूलाई सजाय दिने अनि ।***
- ***सर्वोच्च न्यायालयले 2002 सालको गोधरा ट्रेन अग्निकाण्ड मामिलावारे अन्तिम सुनवाई छ र सात मईमा गर्ने ।***

---